# गैंडाकोट नगरपालिका

फोन नं. ०७८–५०११९०

## नगरकार्यपालिकाको कार्यालय

गैंडाकोट, नवलपरासी — बर्दघाट सुस्ता पूर्व

गण्डकी प्रदेश, नेपाल

२०७३


प. सं. : शिक्षा २०७६।०७७

च.नं. : 283

मिति: २०७६।५।११

श्री सबै संस्थागत विद्यालयहरु,

गैंडाकोट नगरपालिका ।

**विषय : विद्यार्थी, शिक्षक, तथा विद्यालय कार्यको मूल्याङ्कन गरी पठाउने सम्बन्धमा ।**

शिक्षा दिवस २०७६ लाई भव्यताका साथ सम्पन्न गर्ने सन्दर्भमा विद्यालयमा कार्यरत विद्यार्थी तथा शिक्षक र विद्यालयलाई समेत पुरस्कार तथा सम्मान गरिने कार्यक्रम भएको हुँदा यसै साथ सम्लग्न फारमहरु पछिसम्म फरक नपर्ने विवरणहरु समावेश गरी भर्न तथा दिएका निर्देशन अनुसार मूल्यांकन गरी तपसीलमा उल्लेख गरे अनुसार भरी यही भदौ १७ गते भित्र शिक्षा, युवा तथा खेलकूद शाखामा बुझाउन हुन अनुरोध छ ।

<u>तपसील</u>

क) सिकाई उपलब्धि उच्चतम भएका विद्यार्थीको विवरण सम्बन्धमा : शैक्षिक सत्र २०७५ को वार्षिक मूल्याङ्कन अनुसार कक्षा ५, ८ र १० मा उच्चतम सिकाई उपलब्धि भएका विद्यार्थीको (छात्रा १ जना, छात्र १ जना गरी २ जनाका दरले) नामावली र त्यसलाई पुष्टि गर्ने मान्यता प्राप्त मार्कसिट तथा ग्रेडसिट र विद्यालयको सिफारीस पत्र सहित पेश गर्नु पर्ने छ ।

ख) शिक्षकले अध्यापन गर्ने विषयमा भएको क्रियाकलाप तथा सिकाई उपलब्धि सम्बन्धमा: शिक्षकका शिक्षण क्रियाकलाप र अध्यापन गर्ने विषयमा देहाय अनुसारको कक्षाका लागि एक विषयको उच्चतम सिकाई उपलब्धिलाई आधार लिएर विवरण भर्नु पर्ने छ ।

- माध्यमिक तह कक्षा १० का लागि - अंग्रेजी, गणित, नेपाली, विज्ञान, सामाजिक, स्वा.ज.वा., अतिरिक्त गणित/अर्थशास्त्र, अतिरिक्त कार्यालय सञ्चालन तथा लेखा/कम्प्युटर विज्ञान गरी ८ विषय
- आधारभूत तह कक्षा ८ का लागि - अंग्रेजी, गणित, नेपाली, विज्ञान, सामाजिक गरी ५ विषय
- आधारभूत तह कक्षा ५ का लागि - अंग्रेजी,
- गणित, नेपाली, विज्ञान, सामाजिक गरी ५ विषय

- **थप विवरण : शैक्षिक सत्र २०७५ मा विद्यालयमा कम्तिमा २० वर्ष सेवा पुर्‍याएर सेवा निवृत्त भएका शिक्षकको पूरा विवरण खुल्ने गरी विवरण भरी पेश गर्नु पर्ने छ ।**

ग) विद्यालयको समग्र कार्य सम्पादनलाई स्वमूल्याङ्कन गरी भर्ने सम्बन्धमा: प्रत्येक विद्यालयले यसै साथ सम्लग्न स्वमूल्याङ्कन गर्ने विवरण भरी पेश गर्नु पर्नेछ । भरिएका विवरणको पुष्टि हुने र पछि सम्म फरक नपर्ने कुराको सुनिश्चितता हुने गरी विद्यालयको निर्णय सहित पेश गर्नु पर्नेछ ।

बालकृष्ण चापागाईं

**उप-सचिव**

पत्रमा उल्लेख भएका विषयहरुको विवरण पछि सम्म फरक नपर्ने गरी नामावली र प्राप्त गरेको अङ्कलाई पुष्टि गर्ने कागजात सहित सम्लग्न गरी मिति २०७६।०५।१७ गते ११:०० भित्र शिक्षा, युवा तथा खेलकूद शाखामा पेश गर्नु पर्ने छ ।

**क) सिकाई उपलब्धि उच्चतम भएका विद्यार्थीको विवरण सम्बन्धमा** : तलको तालिका अनुसारको विवरण भर्नु पर्नेछ ।

| विद्यार्थीको नाम | छात्रा | छात्र | विद्यार्थीले उत्तीर्ण गरेको कक्षा | समग्र सिकाई उपलब्धि |
|---|---|---|---|---|
| १)................... | | | ५ | |
| १) ................. | | | | |
| २)................... | | | ८ | |
| २) ................. | | | | |
| ३)................... | | | १० | |
| ३) ................. | | | | |

यो विवरण भर्दा सिकाई उपलब्धि पुष्टि हुने सहयोगी अभिलेख साथै राखी पठाउनु पर्ने छ ।

**ख) शिक्षकले अध्यापन गर्ने विषयमा भएको क्रियाकलाप तथा सिकाई उपलब्धि सम्बन्धमा:**

(१) शिक्षकले शैक्षिक विगत ३ शैक्षिक सत्र भरी लिएको विदाको आधारमा पाउने अंकलाई देहाय अनुसार प्रदान गर्नु पर्ने । कुल प्राप्ताङ्क - १०

| शैक्षिक सत्र | पर्व तथा भैपरी आउने विदाका दिन | विरामी विदाका दिन | गयल दिन |
|---|---|---|---|
| २०७३ | | | |
| २०७४ | | | |
| २०७५ | | | |
| जम्मा | | | |
| औसत | प = जम्मा दिन/३ =..... | वि = जम्मा दिन/३ =..... | ग=जम्मा दिन/३ =...... |
| विदाको भार | क = | ख = | घ = |
| प्राप्तांक | X= १२/क× ५ | Y= १२/ख× २.५ | Z= घ× (-) २ |
| | | | |

विदाको भार वापतको अंक राख्दा निम्न अनुसार गर्ने :

- (क) को मान निकाल्दा: औसत विदा (प)= ० भए १ अंक, (प)= १ देखि ३ दिन भए ६ अंक, (प)= ४ देखि ८ दिन भए १२ अंक, (प)= ९ देखि १२ दिन भए ६० अंक दिने ।
- (ख) को मान निकाल्दा: औसत विदा (वि)= ० भए १ अंक, (वि)= १ देखि ३ दिन भए ६ अंक, (वि)= ४ देखि ८ दिन भए १२ अंक, (वि)= ९ देखि १२ दिन भए ६० अंक दिने ।
- (घ) को मान निकाल्दा: औसत गयल दिन जति आउँछ, त्यति नै अंक दिने ।

अन्तमा विदा वापतको कूल प्राप्तांक = (X+Y+Z)/९० × १० = ......... (i)

२) शिक्षकले गरेको शैक्षिक क्रियाकलाप तथा विभागीय सजायको अंक निर्धारणको कुल प्राप्ताङ्क - २०

| शैक्षिक सत्र | कार्यमूलक अनुसन्धानका संख्या | शिक्षण कार्य तालिका र योजना बनाएको | विषयगत समितिमा सक्रियता | विभागीय सजायको पटक |
|---|---|---|---|---|
| २०७३ | | | | |
| २०७४ | | | | |
| २०७५ | | | | |
| जम्मा | | | | |
| | | | =जम्मा पटक/३ =... | |
| औसत | = जम्मा संख्या /३ =.... | = जम्मा संख्या/३=.. | | |
| प्रत्येकको भार | क = | ख = | ग = | घ = |

शैक्षिक क्रियाकलाप तथा विभागीय सजायको अंक निर्धारणका लागि माथिको तालिका भर्दा निम्न अनुसार गर्नु पर्ने छ ।

- कार्यमूलक अनुसन्धानका भार (क) का लागि औसतमा २ ओटा भए १० अंक, औसतमा १ ओटा भए ५ अंक र नगरेको भए ० अंक दिनु पर्ने छ ।
- शिक्षण कार्यातालिका तथा योजना बनाए बापतको भार (ख) का लागि हरेक वर्ष बनाएको भए २ अंक, कुनै एक वर्ष बनाएको भए १ अंक र कुनै वर्ष नबनाएको भए ० अंक दिनु पर्ने छ ।
- विषयगत समितिमा सक्रियता वापतको (ग) का लागि विद्यालयमा विषयगत समिति निर्माण भई संयोजक भई कार्य गरेको भए ५ अंक, सदस्य भएको भए ३ अंक र सदस्य नै नभएको भए ० अंक दिनु पर्ने छ ।
- विभागीय सजाय वापतको (घ) का लागि विगत ३ वर्षमा विभागीय सजाय नपाएको भए ३ अंक, १ वा सो भन्दा बढी पटक पाएको भए ० अंक दिनु पर्ने छ ।

यसरी शैक्षिक क्रियाकलाप तथा विभागीय सजायको प्राप्तांक = क + ख+ ग+ घ = .........(ii)

३) तोकिएको वा शिक्षकले शिक्षण गर्ने मध्ये कुनै एउटा विषयको शिक्षण क्रियाकलाप सञ्चालनबाट सिकाई उपलब्धिमा परेको प्रभावको आधारमा प्रदान गर्ने अंक निर्धारणको कूल प्राप्ताङ्क - ७०

| शैक्षिक सत्र | औसत सिकाई उपलब्धि | अघिल्लो शैक्षिक सत्र भन्दा सिकाई उपलब्धिमा भएको वृद्धि% |
|---|---|---|
| २०७३ | | |
| २०७४ | | |
| २०७५ | | |
| जम्मा | | |
| औसत | क = जम्मा सि.उ. /३ | ख = जम्मा वृद्धि सि. उ./३ |
| जम्मा भार | x = | y = |

सिकाई उपलब्धि बापत प्राप्त गर्ने x र y को गणना देहाय अनुसार गर्नु पर्ने छ ।

- औसत सिकाइ उपलब्धि (क) ८०% वा सो भन्दा बढी भएमा ६० अंक, ६०% वा सो भन्दा बढी भएमा ४० अंक, ५०% वा सो भन्दा बढी भएमा ३० अंक, ४०% वा सो भन्दा बढी भएमा २० अंक र ४०% वा सो भन्दा कमी भएमा ० अंक दिनु पर्ने छ ।
- त्यसै गरी औसत सिकाई उपलब्धिमा भएको वृद्धि (ख) ५% वा सो भन्दा बढी भएमा १० अंक, ४% वा सो भन्दा बढी सिकाई उपलब्धि वृद्धि भएमा ८ अंक, ३% वा सो भन्दा बढी सिकाई उपलब्धि वृद्धि भएमा ६ अंक, २% वा सो भन्दा बढी सिकाई उपलब्धि वृद्धि भएमा ४ अंक, १% वा सो भन्दा बढी सिकाई उपलब्धि वृद्धि भएमा २ अंक र १% भन्दा कम सिकाई उपलब्धि वृद्धि भएमा ०.५ अंक, सिकाई उपलब्धिमा नकरात्मक वृद्धि भएमा ० अंक प्रदान गर्नु पर्ने छ ।
- विषयको सिकाई उपलब्धि ग्रेडिङ्गमा गरेको भए ग्रेड प्वाइन्टलाई २५ ले गुणन गरी प्रतिशतमा लैजान सहज हुनेछ ।

दुवै प्राप्तांकको कूल भार = x + y = .........(iii)

शिक्षकले प्राप्त गरेको कूल अंक = (i ) + (ii) + (iii) = .........

**ग) विद्यालयको समग्र कार्य सम्पादनलाई स्वमूल्याङ्कन गरी भर्ने सम्बन्धमा:** निम्न अनुसारका विवरण भरी अंक प्रदान गर्नु पर्नेछ ।

१) विद्यालयमा सञ्चालन भएका कक्षा १ देखि १० सम्मको सिकाई उपलब्धिको स्तर अनुसार प्राप्त हुने अंक गणना गर्ने तरिका : पूर्णङ्क - ७०

| शैक्षिक सत्र | विद्यालयको औसत सिकाई उपलब्धि | अघिल्लो शैक्षिक सत्र भन्दा सिकाई उपलब्धिमा भएको वृद्धि% |
|---|---|---|
| २०७३ | | |
| २०७४ | | |
| २०७५ | | |
| जम्मा | | |
| औसत अंक | क =……… | ख =……… |
| अंक भार | x =……… | y = ….. |

- औसत सिकाइ उपलब्धि (क) ८०% वा सो भन्दा बढी भएमा ६० अंक, ६०% वा सो भन्दा बढी भएमा ४० अंक, ५०% वा सो भन्दा बढी भएमा ३० अंक, ४०% वा सो भन्दा बढी भएमा २० अंक र ४०% वा सो भन्दा कमी भएमा ० अंक दिनु पर्ने छ ।
- त्यसै गरी औसत सिकाई उपलब्धिमा भएको वृद्धि (ख) ५% वा सो भन्दा बढी भएमा १० अंक, ४% वा सो भन्दा बढी सिकाई उपलब्धि वृद्धि भएमा ८ अंक, ३% वा सो भन्दा बढी सिकाई उपलब्धि वृद्धि भएमा ६ अंक, २% वा सो भन्दा बढी सिकाई उपलब्धि वृद्धि भएमा ४ अंक, १% वा सो भन्दा बढी सिकाई उपलब्धि वृद्धि भएमा २ अंक र १% भन्दा कम सिकाई उपलब्धि वृद्धि भएमा ०.५ अंक, सिकाई उपलब्धिमा नकरात्मक वृद्धि भएमा ० अंक प्रदान गर्नु पर्ने छ ।
- विषयको सिकाई उपलब्धि ग्रेडिङगमा गरेको भए ग्रेड प्वाइन्टलाई २५ ले गुणन गरी प्रतिशतमा लैजान सहज हुनेछ ।

दुवै प्राप्तांकको कूल भार = x + y = ………(i)

२) सामाजिक परीक्षण वापत प्राप्त हुने अंक गणना गर्ने तरिका : पूर्णङ्क - १०

| शैक्षिक सत्र | सामाजिक परीक्षण भए वा नभएको | लेखा परीक्षाण भए वा नभएको |
|---|---|---|
| २०७३ | | |
| २०७४ | | |
| २०७५ | | |
| जम्मा प्राप्ताङ्क | a =……… | b = ….. |

- हरेक वर्ष सामाजिक परीक्षण भएको भए ५ अंक र हरेक वर्ष लेखा परीक्षण भएको भए ५ अंक दिनु पर्ने छ,
- कम्तिमा दुई वर्षको सामाजिक परीक्षण भएको भए ३ अंक र हरेक वर्ष लेखा परीक्षण भएको भए ३ अंक दिनु पर्ने छ,

- कम्तिमा एक वर्षको सामाजिक परीक्षण भएको भए १ अंक र हरेक वर्ष लेखा परीक्षण भएको भए १ अंक दिनु पर्ने छ,
- कुनै पनि वर्षको सामाजिक परीक्षण नभएको भए ० अंक र कुनै वर्ष लेखा परीक्षण नभएको भए ० अंक दिनु पर्ने छ, ।

प्राप्तांकको कूल भार = a + b = .........(ii)

३) विद्यालयले निर्माण गरेको वार्षिक कार्य तालिका र कार्य योजना निर्माण गरे वापत प्राप्त हुने अंक गणना गर्ने तरिका : पूर्णङ्क - ५

| शैक्षिक सत्र | वर्षिक कार्य तालिका निर्माण भए वा नभएको | वर्षिक कार्य योजना निर्माण भए वा नभएको |
|---|---|---|
| २०७३ | | |
| २०७४ | | |
| २०७५ | | |
| जम्मा प्राप्ताङ्क | p =......... | q = ..... |

- हरेक वर्ष वार्षिक कार्य तालिका निर्माण भएको भए २.५ अंक र हरेक वर्ष कार्य योजना निर्माण भएको भए २.५ अंक दिनु पर्ने छ,
- कम्तिमा दुई वर्षको वार्षिक कार्य तालिका निर्माण भएको भए १.५ अंक र हरेक दुई वर्षको वार्षिक कार्य योजना निर्माण भएको भए १.५ अंक दिनु पर्ने छ,
- कम्तिमा एक वर्षको वार्षिक कार्य तालिका निर्माण भएको भए ०.५ अंक र कम्तिमा एक वर्षको वार्षिक कार्य योजना निर्माण भएको भए ०.५ अंक दिनु पर्ने छ,
- कुनै पनि वर्षको वार्षिक कार्य तालिका निर्माण नभएको भए ० अंक र कुनै वर्ष वार्षिक कार्य योजना निर्माण नभएको भए ० अंक दिनु पर्ने छ, ।

प्राप्तांकको कूल भार = p + q = .........(iii)

४) विद्यालयले सेवा प्रदान गरेको विद्यार्थी संख्याको आधारमा प्राप्त हुने अंक गणना गर्ने तरिका : पूर्णङ्क - १०

| शैक्षिक सत्र | सञ्चालित कक्षा | जम्मा विद्यार्थी संख्या | विद्यार्थी संख्या/सञ्चालित कक्षा | विद्यार्थी संख्याका आधारमा प्राप्त हुने अंक |
|---|---|---|---|---|
| २०७३ | | | | M = |
| २०७४ | | | | |
| २०७५ | | | | |
| जम्मा | | | | |
| औसत | | | p = जम्मा/३ = ......... | |

यहाँ p को मान ३५ सम्म वा सो भन्दा बढी भए २ अंक, ४० वा सो भन्दा बढी भए ५ अंक, ५० वा सो भन्दा बढी भए ८ अंक र ६० वा सो भन्दा बढी भए १० अंक दिनु पर्नेछ ।

प्राप्तांकको कूल भार = M = .........(iv)

५) विद्यालयको भौतिक व्यवस्थापन, शैक्षिक सामग्री तथा अध्ययन सामाग्रीको उपलब्धता र सही उपयोग सम्बन्धमा :

कुल पूर्णाङ्क = ५

| शैक्षिक सत्र | विद्यार्थीबाट प्राप्त रकम | विद्यालयले आफ्नै प्रयत्नबाट जोडेको रकम | प्राप्त रकमबाट व्यवस्थापन, भौतिक तथा शैक्षिक सुधारका लागि खर्च गरेको भए प्राप्त अंक |
|---|---|---|---|
| २०७३ | | | |
| २०७४ | | | |
| २०७५ | | | |
| जम्मा | | | |
| औसत | | | N = जम्मा/३ = ......... |

प्राप्तांकको कूल भार = N = .........(v)

अंक प्रदान गर्दा निम्न अनुसार गर्नु पर्ने छ :

- विद्यालयले विद्यार्थीबाट प्राप्त हुने रकम भन्दा बढी रकम बराबरको श्रोत जुटाई विद्यालयमा भौतिक व्यवस्थापन, शैक्षिक सामग्री र थप अध्ययन सामग्रीका लागि खर्च जुटाई व्यवस्थापन गरेको भए हरेक वर्षका लागि ५ अंकको दरले मूल्यांकन गर्ने,
- विद्यालयले विद्यार्थीबाट प्राप्त हुने रकम भन्दा कम रकम बराबरको श्रोत जुटाई विद्यालयमा भौतिक व्यवस्थापन, शैक्षिक सामग्री र थप अध्ययन सामग्रीका लागि खर्च जुटाई व्यवस्थापन गरेको भए हरेक वर्षका लागि २.५ अंकको दरले मूल्यांकन गर्ने,
- विद्यालयले विद्यार्थीबाट प्राप्त हुने रकम भन्दा अन्य श्रोत जुटाई विद्यालयमा भौतिक व्यवस्थापन, शैक्षिक सामग्री र थप अध्ययन सामग्रीका लागि खर्च जुटाई व्यवस्थापन गर्न नसकेको भए भए हरेक वर्षका लागि ० अंकको दरले मूल्यांकन गर्ने,

**माथिका पाँचै थरीका सूचकबाट प्राप्त भएको अंक**

**कुल प्राप्तांक = (i) + (ii) + (iii) + (iv) + (v) = .........**